**मिति २०७८ जेष्ठ २२ गते (वि.सं. २०७८।२।२२) शनिबार तुलसीपुर उपमहानगरपालिका नगरकार्यपालिकाको १११औं बैठकका निर्णयहरु :**

**निर्णय नं. १**

तुलसीपुर उपमहानगरपालिका नगरकार्यपालिका अन्तरतका बिषयगत समितिहरुको चालु आर्थिक बर्ष २०७७/०७८ को हाल सम्मको कार्यप्रगति विवरण तपसिल बमोजिमका बिषयगत समितिहरुबाट प्रस्तुत भई व्यापक समिक्षा गरीयो साथै सो प्रतिवेदनलाई अझ यथार्थपरक बनाई आगामी कार्यपालिका बैठकमा पेश गर्ने निर्णय गरियो ।

**तपसिल**

क)पुर्बाधार समिति ख) बिधायन समिति ग) लेखा समिति घ) सहकारी उप समिति

**निर्णय नं २.**

तुलसीपुर उपमहानगरपालिका नगरकार्यपालिकाले चालु आ.ब.२०७७/०७८ का लागि बिनियोजित योजनाहरु कोभिड १९ को दोश्रो भेरियन्ट तथा बन्दाबन्दीका कारण मानव संशाधनको समयमा प्रयोग गर्न नसकि योजना तथा आयोजनाहरु सम्पन्न नहुने भएकोले यस आ.ब.मा बिनियोजन भई कार्य सम्पन्न नभएका योजनाहरुको म्याद २०७८ साल पौष मसान्त सम्म थप गर्ने साथै भुक्तानी आ.ब.२०७८/७९ को अन्त सम्म गर्ने सर्बसम्मत निर्णय गरियो ।

**निर्णय नं ३.**

तुलसीपुर उपमहानगरपालिका नगरकार्यपालिकाको आर्थिक बर्ष २०७८/०७९ का लागि प्रस्तुत हुने नीति,कार्यक्रम लाई सबै वडासमितिहरुबाट २०७७।२।२७ गते भित्र तथा सबै बिषयगत समितिहरुका प्रतिवेदन हरु २०७८।२।२८ गते भित्र योजना तथा बजेट शाखामा पेश गर्ने निर्णय गरियो । साथै राजश्व परामर्श समिति,बजेट सिमा निर्धारण समिति,योजना तर्जुमा समिति,वडा समिति र बिषयगत शाखाहरुलाई समिक्षा,नीति र कार्यक्रम पेश गर्न निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. ४**

तुलसीपुर उपमहानगरपालिका वडा नं. ६ स्याउलीबजारमा भारतीय नम्बर प्लेटको गाडिभित्र मृत्यु भएका तुलसीपुर उपमहानगरपालिका वडा नं. ६ को ३ जना बालबालिकाहरुका परिवारजन लाई प्रति परिवार रु १०००००।(एक/एक लाख) का दरले महिला तथा बालबालिका शाखामा बिनियोजत बजेट शिर्षकबाट जम्मा रु ३०००००।(तीन लाख मात्र) उपलब्ध गराउने र अन्य रु ५०००००।(पांच/पांच लाख) का लागि जिल्ला प्रशासन कार्यालय मार्फत सम्बन्धीत निकायमा लेखि पठाउने निर्णय गरियो ।

तुलसीपुर उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय तुलसीपुर, दाङ लुम्बिनी प्रदेश, नेपाल



घनश्याम पाण्डे
प्रमुख



**नि. प्रमुख प्रशासकीय अधिकृत**

**मिति २०७८ जेष्ठ २२ गते (वि.सं. २०७८।२।२२) शनिबार तुलसीपुर उपमहानगरपालिका नगरकार्यपालिकाको १११औं बैठकका निर्णयहरु :**

**निर्णय नं. ५**

तुलसीपुर उपमहानगरपालिका र तुलसी गौशाला तथा सरसफाई व्यवस्थापन बहुउद्देश्यीय सहकारी संस्था संग गाई हेरालुको पारिश्रमिक सम्बन्धमा भएको संझौताको म्याद २०७७ पौषमा समाप्त भएको र सो म्याद २०७७ असार मसान्त सम्म थप गरी पारिश्रमिक वापत मासिक रु ४५०००।(पैतालिस हजार मात्र) का दरले ६ महिनाको जम्मा रु २७००००(दुई लाख सहत्तरी हजार मात्र) भुक्तानी दिने निर्णय हुनु पर्नेमा मिति २०७७।११।२५ गते बसेको १०२औं कार्यपालिका बैठकको नि.नं. ९ मा जम्मा ४५०००। भुक्तानी दिने निर्णय भई फरक परेकोले उक्त सहकारीलाई संझौता बमोजिमको रु २७००००।(दुईलाख सहत्तरीहजार मात्र) नगरस्तरीय बजेट शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

नि. प्रमुख प्रशासकीय अधिकृत

तुलसीपुर उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय तुलसीपुर, दाङ लुम्बिनी प्रदेश, नेपाल २०७३

घनश्याम पाण्डे
प्रमुख